# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७७/१२/१७

### सातौं अधिवेशन

### (चौधौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय उमा कुमारी वादी**

सभामुख महोदय, बर्षौ बर्षबाट पछाडी परेको बर्ग पछाडि परेको वादी समुदाय दोधारा चादनी वडा नं.३ मा बस्दै आएका वादी समुदाय यो भन्दा अगाडीको द्वन्द कालमा ज्यान जोगाउनका लागि आफ्नो बाल बच्चालाई बचाउनका लागि उनिहरु विदेशिएका थिए पोर साल उनिहरु नेपाल फर्किए अनि आफुले गरि खाएको जग्गा आफु बसोबास गरेर आएको घर फर्किएर आउदा खेरी त्यहाको जग्गा आधा स्कुलले कब्जा गरेको छ सभामुख महोदय आधा सशस्त्रले कब्जा गरेको छ उनीहरु कहा गएर बस्ने कता आफ्नो जीविकोपार्जन गर्ने उनीहरु पनि यो देशका नागरिक हुन त्यसैले आत्मसम्मान सहित त्यो जग्गामा बस्न गरिखान पाउनु पर्छ यो राज्यको दायित्व भित्र पर्छ त्यस कारण बर्षौं बर्षबाट पछाडी परेको बर्ग पछाडी पारिएको बर्गका लागि यो प्रदेशले उनिहरुको स्थायी बसोबासको जुन जग्गामा बस्छम भनेर अहिले उनीहरुको उठिबास भएको छ तिनिहरुको बसोबासका लागि यो प्रदेशको सरकारले बसोबास गराउनु पर्छ होइन भने हाम्रो रहर होइन सभामुख महोदय हाम्रो रहर होईन फेरी पनि हामी सडकमा जाने हाम्रो ईच्छा होईन । २०६४ सालको बादी समुदायको आन्दोलन अस्थि भर्खरै कर्णाली प्रदेशमा भएको आन्दोलन यो प्रदेशमा नहोस भन्ने शुभकामना दिन्छु र साच्चीकै गरेर त्यो वादी समुदायलाई त्यहा बसोबास गर्नका लागि प्रदेश सरकार सँग मेरो आग्रह छ सिडियो सापलाई मैले फोन गर्दा म एकदम विजि छु भन्नु भो धेरै पटक फेरी मैले कोसिस गर्दा म मोटरमा गैराख्या छु भन्नु हुन्छ उहाको त्यस्तो जवाफ सुन्दा खेरि वादी समुदाय कहा जाने । दोधारा चादनीको मेयरसापलाई फोन गर्दा खेरी मैले के गर्न सक्छु र माथिबाट मलाई आदेश आउनु पर्छ भन्नु हुन्छ त्यहाको वडा अध्यक्षहरु र त्यहाका गाउँलेहरुले वादी समुदायलाई फेरी पनि वा त जंगलमा जानु पर्ने बाध्यता गराई राख्या छन् वा फेरी विदेशिनु पर्ने अवस्था देखिएको छ त्यस कारण वादी समुदाय यो देशका नागरिक हुन उनीहरुको स्थायी बसोबासको लागि यो सरकारले जिम्मेवारी लिनु पर्छ, ग्यारेन्टी गर्नु पर्छ हवस धन्यवाद नमस्कार

**माननीय सदस्यहरु,**

यस सभाबाट पारित भएको **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** मिति २०७७/१२/१३ गते माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले यस सभाको लगातार १० वटा वैठकमा उपस्थित हुन नसक्नाको कारण सहितको सूचना निजी सचिवालयको च.नं. ३५ मिति २०७७/१२/१२ को पत्रबाट प्राप्त हुन आएको हुँदा उक्त सूचनालाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १८५ को उपनियम ४ बमोजिम सभाबाट स्वीकृतिका लागि प्रस्तुत गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण, व्यवस्थापन, विकास एवं प्रवर्द्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक उन्नती गर्ने विषयलाई मध्येनजर राखी पर्यटकको स्वास्थ्य सुविधा र हित सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयक लाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेश भित्रको राष्ट्रिय बनलाई प्रदेश द्वारा व्यवस्थित बन, बन संरक्षण क्षेत्र, सामुदायिक बन, साझेदारी बन, कबुलियति बन, धार्मिक बन, चक्ला बन र नीजि बनको रुपमा व्यवस्था गर्न तथा बन बनस्पती, बन्यजन्तु, बातावरण, जलाधार एवं नदीजन्य पदार्थको संरक्षण एवं दिगो व्यवस्थापन र पर्यापर्यटन प्रवर्द्धन गरी बन पैदावारको  उत्पादन एवं उत्पादकत्व बढाउदै बनजन्य स्रोतको न्यायोचित वितरण गर्न आवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को दफा १०६ को उपनियम २ बमोजिम सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल चैत्र २५ गते बुधबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।